# नेपाल उद्योग वाणिज्य महासंघ
## निर्वाचन २०६४
## निर्वाचन सम्बन्धी सूचना नं. १

महासंघको विधान २०४९ (पांचौं संशोधन सहित) मा व्यवस्था भए अनुसार सचिवालयबाट सदस्य संघ/संस्थाहरुलाई ४२ औं वार्षिक साधारण सभा बस्ने बारेमा पठाइएको मिति २०६४/११/८ को सूचना पत्रमा उल्लेखित विवरणहरु समेतका आधारमा निर्वाचन प्रक्रियाहरु निम्न अनुसारको हुने हुंदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

१. **उम्मेद्वारी मनोनयन, सभामा प्रतिनिधित्व र शूल्क सम्बन्धमा:**

(क) ४२ औं वार्षिक साधारण सभामा अध्यक्ष, उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन हुने भएकोले अध्यक्ष, उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यको निर्वाचनमा उम्मेद्वार मनोनयन गर्न इच्छुक सदस्य संघ/संस्थाहरुले आ.व. २०६४।६५ सम्मको वार्षिक सदस्यता शूल्क, उम्मेदवारी शूल्क र प्रतिनिधि शूल्क सहित संलग्न **मनोनयन–पत्र** सहितको **प्रतिनिधि–पत्र** महासंघको नियमावलीको उपनियम ११.४ अनुसार साधारण सभा शुरु हुने ७ दिन अघि अर्थात २०६४ साल चैत्र ६ गते सांझ ६:०० बजे भित्र महासंघको सचिवालयमा दर्ता गराई सक्नु पर्नेछ ।

यसै समय भित्र मनोनयनपत्र, प्रतिनिधिपत्र र निर्णयको प्रतिलिपि फ्याक्सबाट पठाउन सकिनेछ ।

तर यी सबै कागजातको सक्कल प्रतिहरु सभा हुने ३ (तीन) दिन अघि अर्थात २०६४ साल चैत्र १० गते सांझ ६:०० बजे भित्र महासंघमा बुझाई सक्नु पर्नेछ ।

२. **उम्मेदवारीका लागि मनोनयन पत्र सम्बन्धमा:**

(क) विधान अनुसार मतदान गर्न र उम्मेद्वार खडा गर्न पाउने सदस्य संघ/संस्थाबाट मात्र मनोनयन पत्र प्रस्तुत गर्नपाउने छन् ।

(ख) सचिवालयबाट मिति २०६४/११/८ मा जारी भएको सूचना पत्रको निर्दिष्ट प्रकृया र सो साथ संलग्न मनोनयन र प्रतिनिधि पत्रको द्रष्टव्य महलमा निर्दिष्ट सबै रीत पुऱ्याई विधान अनुसार योग्यता पुगेकाको मात्र मनोनयन भई आउनु पर्नेछ ।

(ग) महासंघको विधान अनुसार साधारण सभामा भाग लिन एवं निर्वाचनमा उम्मेद्वार हुन चाहनेले सम्बन्धित संघ/संस्थाबाट उम्मेद्वार खडा गराउने बिषयमा भएको कार्यसमितिको बहुमतको निर्णयको प्रमाणित प्रतिलिपि मनोनयन पत्रसाथ पेश गर्नु पर्ने छ । एशोसिएट क्षेत्रको हकमा विधानमा उल्लेख भएको पदाधिकारीलाई मुख्य प्रतिनिधिको रुपमा मनोनयन गरी पठाउनु पर्ने छ ।

(घ) निर्वाचनको लागि उम्मेदवार खडा गर्न चाहने संघ/संस्थाले कुन पदका लागि कसलाई उम्मेदवार बनाएको हो सो विवरण सहित निर्वाचनमा दफा २९.१ अनुरुपको प्रतिनिधिमण्डलमा निजको नाम समेत समावेश गर्नु पर्नेछ ।

३. **<u>मनोनयन पत्र महासंघ सचिवालयमा दाखिला हुनु पर्ने मिति र समय सम्बन्धमा</u>**:

(क) निर्वाचनमा उम्मेदवार खडा गर्न चाहने सदस्य संघ/संस्थाबाट महासंघको सचिवालयबाट जारी भएको सूचना अनुसार साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगाडी २०६४ साल चैत्र ६ गते सांझ ६:०० बजे भित्र महासंघको सचिवालयमा मनोनयन पत्र दाखिला गराई सक्नु पर्ने छ । साथै सो मिति भित्र फ्याक्सबाट पनि मनोनयन, प्रतिनिधि पत्र र उम्मेवारी एवं प्रतिनिधि शुल्क सम्बन्धी कागजातहरु पठाउन सकिने छ । तर, यसरी पठाईएका मनोनयन पत्र, प्रतिनिधि पत्र र शुल्क सम्बन्धी कागजातहरुका सक्कल प्रतिहरु निर्वाचन हुनु भन्दा ३ (तीन) दिन अगाडि अर्थात मिति २०६४ साल चैत्र १० गते सांझ ६:०० बजे भित्र महासंघ सचिवालयमा बुझाई सक्नु पर्नेछ ।

(ख) सक्कल पत्रहरु सहित लाग्ने शुल्कहरु तोकिएको समय भित्र पेश नभएमा मनोनयन पत्रहरु स्वतः बदर हुने छन् ।

(ग) निर्वाचनमा उम्मेद्वार खडा गर्ने सदस्य संघ/संस्थाहरुको वार्षिक सदस्यता शुल्क, उम्मेदवारी शुल्क र प्रतिनिधि शुल्क, मनोनयन पत्र र प्रतिनिधि पत्र पेश हुंदाका बखत बुझाई सकेको हुनु पर्ने छ ।

४. **<u>निर्वाचन हुने पद र संख्या</u>** :

यस साधारण सभामा निम्न पदको निम्न संख्यामा निर्वाचन हुने छः

(क) महासंघका अध्यक्ष, उपाध्यक्षहरु ३ जना [ (क) उद्योग वाणिज्य संघ समूहबाट एक जना (ख) बस्तुगत संघ समूहबाट एकजना र (ग) एशोसिएट सदस्य समूह ( द्विराष्ट्रिय संघ वाहेक) बाट एकजना] र कार्यकारिणी समिति सदस्यहरु ५७ जना [क्षेत्रीय प्रतिनिधि (अञ्चल) क्षेत्रबाट १४ जना, उद्योग वाणिज्य संघ क्षेत्रबाट १४ जना, बस्तुगत संघबाट १२ जना, द्विराष्ट्रिय उवासंघबाट १ जना र एशोसिएटबाट १६ जना] समेत गरी जम्मा ६१ जना ।

५. **<u>उम्मेदवारहरुको प्रारम्भिक नामाबली प्रकाशन</u>** :

(क) महासंघको विधान अनुसार उम्मेदवारहरुको प्रारम्भिक नामाबली (कुनै कैफियत देखिन आएमा सो समेत जनाई) २०६४ साल चैत्र १० गते सांझ ६:०० बजे पछि महासंघको सूचना पाटीमा टाँस हुने छ । यो नामावली विवरण मनोनयन पत्र दर्ता नम्बरको क्रमानुसार प्रकाशित हुनेछ ।

(ख) प्रकाशित नामावलीमा कुनै संशोधन वा कुनै जिकीर पेश गर्नु पर्ने भएमा २०६४ साल चैत्र ११ गते अपरान्ह ३:०० बजे भित्र महासंघ सचिवालयमा लिखित विवरण पेश गर्न सकिनेछ ।

६. **उम्मेदवारले नाम फिर्ता लिने सम्बन्धमा** :

महासंघको विधान अनुसार नाम फिर्ता लिन चाहने उम्मेदवारले २०६४ साल चैत्र १२ गते सांझ ५:०० बजे भित्र तोकिएको ढांचामा महासंघको सचिवालयमा रहेको निर्वाचन सचिवालयमा निवेदन दिई उम्मेदवारीबाट आफ्नो नाम फिर्ता लिन सक्ने छन् ।

७. **उम्मदेवारको अन्तिम नामाबली प्रकाशन** :

माथि दफा ४ को (ख) अनुसार पर्न आएको जिकीरका सन्दर्भमा आवश्यक छानविन पश्चात उम्मेद्वारी फिर्ता लिनु हुनेहरुको नाम हटाई निर्वाचनका लागि कायम रहनु हुने उम्मेदवारहरुको अन्तिम नामाबली २०६४ साल चैत्र १२ गते सांझ ६:०० बजे पछि प्रकाशित गरिने छ ।

८. **मतदाता नामावली प्रकाशन** :

(क) निर्वाचन २०६४ साल चैत्र १३ गते वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा हुने छ ।

(ख) निर्वाचनको समय पछि सूचना गरिने छ ।

९. **मतदान व्यवस्था** :

(क) महासंघबाट साधारण सभा बस्ने सम्बन्धमा मिति २०६४/११/८ मा जारी भएको सूचना पत्र र महासंघको विधान अनुसार २०६४ साल चैत्र १३ गते अपरान्ह २:०० बजेबाट साधारण सभा बस्ने स्थान वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा मतदान कार्य शुरु गरी अपरान्ह ५:०० बजेसम्म मतदान क्षेत्रमा प्रवेश गरेका मतदाताले मतदान गर्न सक्ने छन् ।

(ख) **मतदाता परिचय पत्र**को हकमा साधारण सभाका प्रतिनिधिहरुलाई साधारण सभा शुरु हुनु अगावै प्रतिनिधि मण्डलको दर्ता (Registration) का समयमा सदस्य संघ/संस्थाका मुख्य प्रतिनिधिलाई सचिवालयले उपलब्ध गराउने परिचय पत्रको आधारमा मात्र मतदान गर्न दिइने छ ।

१०. **मताधिकार सम्बन्धमा** :

अध्यक्षको निर्वाचनको लागि विधानको दफा ३४.३ अनुसार सदस्यहरुको मताधिकार प्रतिशतको आधारमा सीमित हुने छ भने अन्य पदको हकमा विधानको दफा ३४.४ अनुसार हुने छ ।

११. **मतपत्र नमूना र दस्तखत व्यवस्था** :

मतपत्र उम्मेदवारको संख्याका आधारमा निर्माण गर्नु पर्ने हुंदा निर्वाचन अधिकृतहरुले तोकेको ढांचा र साइजको कागजमा फोटोकपी हुने छ। मतपत्रमा मुख्य निर्वाचन अधिकृतको अनिवार्य दस्तखतका साथ अर्को दस्तखतमा दुई निर्वाचन अधिकृत मध्ये कुनै एकको दस्तखत रहने छ। दुई जनाको दस्तखत नभएका मतपत्रहरु स्वतः बदर हुने छन्।

१२. **मत पेटिका सम्बन्धमा** :

निर्वाचनमा प्रयोग हुने मत पेटिका प्रत्येक निर्वाचन क्षेत्रका लागि प्रमुख निर्वाचन अधिकृतले तोकिदिए बमोजिम सकेसम्म छुट्टा छुट्टै रहने छन्।

१३. **आचार संहिता सम्बन्धमा** :

महासंघको आचार संहिताको उपसंहिता (५) ले व्यवस्था गरेको आचार संहितालाई सबै उम्मेदवार एवं मतदाताले पुर्ण पालना गर्नु पर्ने छ।

१४. **विधान अनुसारको परिचय पत्र सम्बन्धमा** :

उम्मेदवारले आफ्नो मनोनयन पत्र साथ भरी पेश गर्नु पर्ने परिचय पत्र पेश हुन आएमा र सो परिचय पत्र मतदाता समक्ष पुऱ्याउने व्यवस्थाको माग भएमा सचिवालयबाट सभामा वितरण गर्ने व्यवस्था हुने छ।

१५. **मत गणना र नतिजा घोषणा** :

मिति २०६४ साल चैत्र १३ गते मतदान समाप्त भएपछि मत गणना कार्य गरिने छ। मत गणना पश्चात निर्वाचनको नतिजाको घोषणा गरिने छ।

| | | |
|---|---|---|
| नीता गौतम दीक्षित | शिव रिजाल | सपना प्रधान |
| निर्वाचन अधिकृत, | निर्वाचन अधिकृत | मुख्य निर्वाचन अधिकृत |

मिति : २०६४ साल फागुन १२ गते रोज १ मा।